# उपजीव्य कथ्यका आलोकमा *चीरहरण* उपन्यासमा प्रयुक्त नारीवादी चिन्तन : तुलनात्मक अध्ययन

ऋषीश्वर अधिकारी[1]


## सारकथन

प्रस्तुत अध्ययनमा उपजीव्य कथ्यका आलोकमा चीरहरण उपन्यासमा प्रयुक्त नारीवादी चिन्तन : तुलनात्मक अध्ययनको वैचारिकता र तिनलाई प्रस्तुत गर्ने शिल्पगत संयोजनको विश्लेषण र मूल्याङ्कन गर्दा नारीवादी समालोचना पद्धतिको उपयोग भएको छ । 'चीरहरण' उपन्यासबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको प्रस्तुत अध्ययनमा कृतिपरक सघन पठनबाट प्राप्त बुँदाहरूलाई वर्णनात्मक तथा व्याख्यानात्मक विधिबाट अर्थापन गरिएको छ । मूल विषयवस्तुको विश्लेषण सम्बन्धी तथ्य प्रमाणीकरण एवम् सत्यापन गर्नका लागि द्वितीय सामग्रीको समेत उपयोग भएको छ । तसर्थ यस अध्ययनले नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा प्रयुक्त नारीवादी चिन्तनले द्वापरयुगीन समयमा सामाजिक विवशताका कारण महिलाहरूले भोग्नु परेको सामाजिक विवशता, पारिवारिक दमन, नारी अस्मिता, दासप्रथा, दासीहरूको नारकीय जीवन, नारीहरूको चीरहरण, नारीहरूको वैचारिकता स्वतन्त्रता आदि विभिन्न किसिमका नारीमाथि हुने गतिविधिको अन्त्य नभई वर्तमान एक्काइसौँ शताब्दीमा पनि यस किसिमका घटनाले पूर्ण रूपमा प्रश्रय पाइराखेको अवस्थालाई उपन्यासको अन्तर्वस्तुले उजागर गरेको देखिन्छ । त्यसकारण उपन्यासकारले द्वापरयुगीन पात्रहरूलाई कलीयुगमा विचरण गराउँदै पात्रहरूको आत्मकथाका माध्यमद्वारा दुई युग बीचको समानतालाई दर्साएको पाइन्छ । उपन्यासकारले नारी जीवनमाथि घटेको मुख्य घटनालाई शीर्षकीकरण गरेको हुँदा सोही विषयमा केन्द्रित हुँदै उपजीव्य कथ्यका आलोकमा चीरहरण उपन्यासमा नारीवादी चिन्तनः तुलनात्मक अध्ययन शीर्षक अनुसन्धानको विषय बनेको हुँदा यसैको विश्लेषण र मूल्याङ्कन गर्दै कृतिको वैचारिक पक्षलाई उजागर गर्ने प्रयास गरिएको छ । उपन्यासमा अभिव्यक्ति कलामा पात्रको संवाद पक्षमा अभिव्यक्तिको पुनरावृत्ति भएको हुँदा यसले उपन्यासको काव्यत्व पक्षमा तथा पाठकवर्गलाई केही वैमनस्यता पैदा गर्ने स्थिति छ भनी निष्कर्ष निकालिएको छ ।


*शब्दकुञ्जि* : उपजीव्य, नारीवादी समालोचना, मत्स्यगन्धा, चीरहरण, भीष्मप्रतिज्ञा ।

## परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये आख्यान विधाअन्तर्गत उपन्यास विधाको उपविधा हो । वि.सं. १९९१ सालमा रूपमती उपन्यास प्रकाशित भएपछि आधुनिक उपन्यास लेख्ने परम्परा सुरु भएको मानिन्छ । नेपाली साहित्यमा उपन्यास विधामा आदर्शोन्मुख यथार्थवादी, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, अतियथार्थवादी, विसङ्गतिवादी, अस्तित्ववादी, उत्तरआधुनिकतावादी आदि प्रवृत्तिहरू देखा परेका छन् जसमा उत्तरआधुनिकतावाद सिद्धान्तभित्र रहेर उपन्यास लेखनको विकासमा नारीवादी चिन्तन एउटा सैद्धान्तिक रूपमा देखा परेको छ । नारीवादी नीलम कार्की निहारिका पनि एक सफल उपन्यासकारिकाका रूपमा देखा परेकी सर्जक हुन् ।

नीलम कार्की निहारिकाको जन्म २०३१ सालमा पाल्पाको गोठारी भन्ने ठाउँमा पिता भद्रबहादुर कार्की र माता मिना केसीबाट कान्छी सुपुत्रीको रूपमा भएको हो (लुइटेल, २०७६: ५) । स्वयं उपन्यासकारबाट उनको

[1] महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम, त्रिभुवन विश्वविद्यालय, नेपाल ।

औपचारिक शिक्षा गाउँकै स्कुलबाट सुरु भएको देखिन्छ । तत्पश्चात् उनको शैक्षिक योग्यताले पूर्णता प्राप्त गर्न शिक्षाशास्त्र सङ्कायमा एम.एड. र मानविकी सङ्कायमा नेपालीमा एम.ए. सम्म यात्रा पार गरेको पाइन्छ । यसपछि केही समय रेडियो आदि सञ्चार माध्यममा काम गरेपछि उनको साहित्यतर्फ रुचि भएको देखिन्छ । वि.सं. २०५८ सालमा डा. भाष्कर कुँवरसँग विवाह पश्चात् दुई छोरा हिमांशु र सुधांशुका साथ २०६४ सालदेखि निहारिका अमेरिकाको नर्थ क्वारोनिलामा बसोबास गर्दै आएकी छन् (लुइटेल, २०७६: १५) ।

लेखनगत सन्दर्भको सिर्जनशीलतालाई हेर्दा वि.सं. २०५१ बाट 'मौन जीवन' उपन्यासबाट आफ्नो औपन्यासिक यात्रा सुरु गरेकी निहारिकाले कथा विधामा कागजमा दस्तखत (२०६६), बेली (२०६८) उपन्यास विधामा मौन जीवन (२०५१), अर्की आइमाई (२०७०), चीरहरण (२०७२), योगमाया (२०७५) समेत कृतिहरू प्रकाशित भइसकेका छन् । उनको चीरहरण उपन्यास २०७२ सालमा 'पद्मश्री' पुरस्कार समेत जित्न सफल भएको एउटा उत्कृष्ट उपन्यास हो ।

विश्वसाहित्यको इतिहासमा महाभारत ग्रन्थ सबैभन्दा ठूलो आयाममा संरचना भएको ग्रन्थ हो । महाभारतलाई विभिन्न समालोचकहरूले आ-आफ्ना कोणबाट विश्लेषण गरी यसै ग्रन्थलाई कथावस्तुको स्रोत बनाउँदै विभिन्न कृतिहरू प्रकाशित गरेको पाइन्छ । यसै सन्दर्भमा प्रस्तुत कृति महाभारतको कथाभित्र रुमल्लिएर नारी अस्मिताको खोजी गर्ने उपन्यासका रूपमा देखा परेको छ । आकार र विषयवस्तु दुवै हिसाबले बृहदाकार रूपमा संरचना भएको उपन्यास चीरहरण वर्तमानमा बसेर विगतलाई नियाल्ने नारी दृष्टिकोणको उपज हो । नारी अस्मिता र अस्तित्वको खोजीमा केन्द्रित प्रस्तुत उपन्यासले विषयवस्तु, चरित्र, परिवेश आदि महाभारतबाटै ग्रहण गरेको छ र चरित्रका मनोभावना र चाहनालाई आधुनिक नारीको दृष्टिबाट हेर्ने प्रयास गरिएको छ । किन लेखियो होला यो पुस्तक ? पुस्तकको शीर्षक चीरहरण किन राखियो ? यस भित्र के होला भनेर पाठकका मनमा जिज्ञासा जाग्नु स्वाभाविकै हो । उपन्यासको शीर्षक झ्वाट्ट हेर्दा महाभारतकी पात्र द्रौपदीको चीरहरणलाई विषयवस्तु बनाएर उपन्यास लेखिएको हो कि भन्ने भान पर्दछ तर पुस्तक त्यतिमा मात्र सीमित नभएको देखिन्छ । लेखकले चीरहरणलाई विस्तार गर्दै नयाँ व्याख्या दिने प्रयास गरेकी छिन् । उनका विचारमा त्यतिबेला नारीको मात्र चीरहरण भएको होइन, राज्यको पनि चीरहरण भएको थियो, आम मानिसको चीरहरण भएको थियो, न्याय र समानता खोज्ने न्यायप्रेमी जनताहरूको चीरहरण भएको थियो, सुशासनको चीरहरण भएर दुःशासनहरू मौलाएका थिए, राज्यको सत्तामोहमा परेर धृतराष्ट्र, शकुनि, दुर्योधन आदिले राज्यको हुर्मत लिएर चीरहरण गरेका थिए, त्यही परिस्थिति वर्तमान युगमा देखा परेको छ । महाभारत कालको अवस्था जस्तै आजको अवस्था हुनपुगेको देखिन्छ । त्यसकारण वर्तमानमा बसेर विगतलाई नियाल्ने नारीको दृष्टिको उपज बनेको उपन्यास चीरहरण हो । त्यसैले उपजीव्य कथ्यका आलोकमा चीरहरण उपन्यासमा नारीवादी चिन्तन के कस्तो छ ? यसलाई उपजीव्य कथ्यवस्तुसँग कसरी तुलना गर्न सकिन्छ भनी प्राज्ञिक जिज्ञासाको विषय बनेको हुँदा प्रस्तुत शीर्षकमा यो लेख लेखिएको हो ।

## पूर्वकार्यको समीक्षा

सम्बद्ध विषयमा पहिले भएका कार्यहरूको व्यवस्थित तथा क्रमबद्ध रूपमा समीक्षा गर्नु पूर्वाध्ययनको समीक्षा हो । शोधप्रक्रियाका क्रममा शोध्य विषयमा के कति अध्ययन भइसकेका छन् भन्ने विषयमा अनुसन्धातालाई जानकारी हुनु आवश्यक देखिन्छ । यसै सन्दर्भमा प्रस्तुत कृतिमा के कति पूर्वकार्यहरू भइसकेका छन् भन्ने जिज्ञासाको विषय बनेको हुँदा सोही जिज्ञासालाई मध्यनजर गर्दै अध्ययनको सैद्धान्तिक अवधारणा पश्चात् पूर्वकार्यहरूको विवरणलाई सिलसिलाबद्ध रूपमा राखिएको छ ।

महाभारतीय कथावस्तुलाई उपजीव्य बनाउँदै संस्कृत साहित्य तथा नेपाली साहित्यमा विभिन्न कृतिहरूको संरचना भएको पाइन्छ । संस्कृत साहित्यमा श्री भट्टनारायणद्वारा संरचित **वेणीसंहार नाटक**, महाकवि माघद्वारा संरचित **शिशुपालवधम्** र महाकवि भारतीद्वारा संरचित **किरातार्जुनीयम्** आदि महाकाव्यहरूको संरचना भएको छ भने नेपाली साहित्यमा पनि होमनाथ सुब्बाद्वारा अनुवाद गरिएको **नेपाली महाभारत**, राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान**, बिनोदप्रसाद धितालको **योजनागन्धा**, मदनमणि दीक्षितको **माधवी**, कुमार भट्टराईको **अश्वत्थामा,** राजेन्द्र थापाको **द्रौपदी** आदि कृतिहरू संरचना भएको देखिन्छ ।

नीलम कार्कीद्वारा संरचित चीरहरण (२०७२) उपन्यासको सम्बन्धमा अत्यन्त न्यून रूपमा खोज अनुसन्धान कार्य भएको पाइन्छ । समालोचकहरूले आ-आफ्ना विचारअनुसार यस कृतिको समीक्षा गरेको देखिन्छ । प्रस्तुत कृतिको वीजारोपण सर्वप्रथम यसै कृतिको समर्पण शीर्षकमा स्वयं उपन्यासकारले आफ्नो लेखनको अवधारणा प्रस्तुत गरेको देखिन्छ ।

समीक्षक विक्रम गौतमले चीरहरण उपन्यासको समीक्षा गर्ने क्रममा **चीरहरण उपन्यासमा कारुणिक पक्ष** (२०७४) शीर्षकमा यसको समीक्षा गरेको पाइन्छ । प्रस्तुत समीक्षाले कृतिमा प्रयुक्त नारी पात्रहरूको जीवनमा घटेका कारुणिक पक्षलाई समेटेको छ तर नारीवादी चिन्तनका दृष्टिले प्रस्तुत समीक्षा अधुरो नै देखिन्छ ।

समीक्षक धीर भण्डारीले चीरहरण उपन्यासको समीक्षा गर्ने सन्दर्भमा **चीरहरण उपन्यासमा प्रतीकात्मकता** (२०७५) शीर्षकमा यसको प्रतीकात्मकताका दृष्टिकोणबाट समीक्षा गरेको पाइन्छ तर यसको प्रतीकात्मकताको दृष्टिबाट समीक्षा गरेको पाइए तापनि उपजीव्य कथ्यका आलोककमा नारीवादी चिन्तन दृष्टिमा प्रस्तुत समीक्षा अधुरो नै छ ।

यसैगरी नारीवादी समालोचनालाई आधार मानेर नारीवादी दृष्टिबाट नेपाली साहित्यमा प्रशस्त पूर्वकार्य भएको पाइन्छ । जस्तै : प्रभा कार्कीले **नारीवादी दृष्टिबाट तीन घुम्ती उपन्यासको अध्ययन,** धनुषा लिम्बूले **नारीवादी दृष्टिबाट शिरीषको फूल उपन्यासको अध्ययन, नारीवादी दृष्टिबाट सुम्निमा उपन्यासको अध्ययन** सम्बन्धी अनुसन्धान कार्य भइसकेको हुँदा प्रस्तुत पूर्व कार्यलाई पनि यस अनुसन्धान कार्यमा समावेश गराउदा उचित नै हुन्छ भन्ने देखिएको छ । यी अध्ययनबाट सैद्धान्तिक आधार निर्माणमा सहयोग पुगेको छ ।

**अध्ययनको सैद्धान्तिक आधार**

नारीवादी चिन्तनको प्रारम्भ सबैभन्दा पहिला पूर्वीय वाङ्मयमा भएको पाइन्छ किनभने ऋग्वेद ग्रन्थमा, महाभारत ग्रन्थमा, रामायण ग्रन्थमा नारीहरूको उत्थानका निम्ति व्यापक रूपमा चर्चा भएको पाइन्छ, तर यसलाई एउटा सैद्धान्तिक रूपमा स्थापना गर्ने कार्य पाश्चात्यबाट भएको हो । त्यसकारण सन् १७७६ मा भएको अमेरिकाली राज्य क्रान्ति र सन् १७८९ को फ्रान्सेली राज्य क्रान्तिको प्रभावबाट भएको हो । नारी समानता नारी अस्मिता र नारी स्वतन्त्रताका पक्षहरू यस समालोचनाका आधार बनेर उपस्थित हुँदै आएका छन् । नारीमाथि हुने यौन शोषण, पितृसत्तात्मक आर्थिक शोषण र राजनैतिक अधिकारको निषेधका विरुद्ध महिलाले उठाएका अधिकार प्राप्तिका आवाजहरू नै यस समालोचनाका दार्शनिक आधार बनेर विकसित बन्दै गएका छन् । यसरी दार्शनिक आधार खडा गरेको यस समालोजनाको सुरुवात काटे मिलेटको सेक्सुल पोलिटिक्स (१९६९) बाटै भएको मानिन्छ । यिनका अनुसार महिलाहरूलाई जैविक, शारीरिक, मानसिक र बौद्धिक किसिमले तल ठान्ने, सदैव हीनता र पराश्रयमा बाँचीरहन बाध्य गराउने गर्भाशय सिद्धान्त, सिकारी सिद्धान्त र मावली सिद्धान्त जस्ता चिन्तनहरू पूर्व र पश्चिम दुवैतिर विद्यमान छन् । यसरी क्याट मिलेटबाट सुरुवात भएको यस समालोचनालाई गति दिने चिन्तकहरूमा मार्गहेट भिड, मिसेल बारेटहरूको पनि प्रबल

भूमिका देखिन्छ (बराल, २०६४: ६६) । नेपाली साहित्यमा प्रदान गरिएको चीरहरण उपन्यासका लेखक नीलम कार्की पनि नारी स्रष्टा भएकाले उनले यस उपन्यासमा उनले नारीहरूको अस्मिताको खोजीमा कृतिभित्र प्रयुक्त नारीवादी चिन्तनको संयोजनलाई देखाएर तिनको समुचित मूल्याङ्कन समेत गरिएको छ ।

प्रस्तुत अध्ययनमा चीरहरण उपन्यासमा प्रयुक्त नारीवादी चिन्तनका सङ्क्षिप्त रूपमा विश्लेषपण गरिएको छ । यसका लागि नारीवादी समालोचनाको सैद्धान्तिक सन्दर्भमा आउने उपन्यासकारको नारीवादी वैचारिकतालाई यथास्थानमा उपयोग गरिएको छ । उपन्यास आख्यान विधा अन्तर्गत पर्ने भएकाले आख्यानलाई अङ्ग्रेजीमा फिक्सन भनिन्छ । अब्राहम्स र हार्फमका अनुसार फिक्सन शब्दले कल्पनामूलक साहित्यिक सिर्जनालाई बुझाउँछ । खासगरी उपन्यासमा काल्पनिक घटना र मान्छेका सिङ्गो जीवनमा घटेका साङ्गोपाङ्ग घटनाहरूलाई शृङ्खलाबद्ध बनाउँदै वर्णन गरिने हुनाले यसलाई फिक्सन भनिएको हो । उपन्यासमा प्रयुक्त वैचारिक पक्षलाई अन्तर्वस्तु (कन्टेन्ट) भनिन्छ भने त्यस विचारलाई पाठक समक्ष प्रभावकारी रूपले सम्प्रेषण गर्नका लागि स्रष्टाले अवलम्वन गर्ने रणनीति कलात्मक प्रविधि, उक्ति, दृष्टिविन्दु, अभिव्यक्तिहरूको समष्टि रूपलाई शिल्प (क्रयाफ्ट) भनिन्छ । त्यसकारण यस उपन्यासको विश्लेषण र मूल्याङ्कनको सन्दर्भमा अन्तर्वस्तु भित्र रहेर नारीवादी चिन्तनलाई पहिल्याउनु अनिवार्य देखिन्छ । यसै सन्दर्भमा उपन्यासको विश्लेषण गर्ने सन्दर्भमा प्रयोग गरिने विभिन्न समालोचनाहरू मध्ये नारीवादी समालोचना पनि एउटा महत्वपूर्ण समालोचना पद्धति हो । यस पद्धतिमा नारीवादी समालोचनालाई नारी लेखन र नारीवादी लेखनका आधारमा दुई कित्तामा वर्गीकरण गरेको पाइन्छ (सुवेदी, २०६८:७०) । नारीले लेखेजति सबै लेखन नारीवादी लेखन हो भन्ने एउटा मत देखिन्छ भने अर्को मत अनारीवादी चिन्तन अडेको नारी लेखकका लेखनहरू नारीवादी लेखन होइन भन्ने मत पनि पाइन्छ, तर जे होस् नारी विषयक र नारीमूलक चिन्तनमा केन्द्रित लेखन नारी पुरुष जसले लेखे पनि त्यो नारीवादी लेखन हो । त्यसकारण उपन्यासको स्रष्टा स्वयं नारी भएको तथा विषयवस्तु पनि नारी सम्बन्धी भएकाले यसको विश्लेषण गर्ने सैद्धान्तिक आधार नारीवादी समालोचनालाई नै आधार बनाउँदा बढी उपयुक्त हुने देखिन्छ । यद्यपि नारीवादी समालोचना आफैमा पूर्ण र पर्याप्त समालोचना पद्धति होइन तर पनि यसलाई कृति विश्लेषणको सहयोगी युक्तिका रूपमा प्रयोग गर्दा लेखकीय सन्दर्भमा कतिपय अप्ठेराहरू फुकाउन समीक्षकलाई सहज हुने भएकाले यसको प्रयोग गर्दा बढी उपयोगीमूलक हुने देखिन्छ ।

**अनुसन्धानगत समस्या**

अनुसन्धानगत समस्या भन्नाले गर्न लागिएको अनुसन्धान कार्यमा उठेका सम्भावित प्रश्नहरू नै समस्या हुन् । सामान्यतः कुनै विषयको कुनै पक्षबारे नयाँ कुरा पत्ता लगाउनु, कुनै विषयको वा वस्तुको परीक्षण वा मूल्याङ्कन गर्न अनुसन्धानगत समस्या हो । यसै सन्दर्भमा नीलम कार्की निहारिकाद्वारा संरचित चीरहरण (२०७२) उपन्यासलाई आधार बनाउदै उपजीव्य कथ्यको आलोकमा चीरहरण उपन्यासमा नारीवादी चिन्तनः तुलनात्मक अध्ययन शीर्षक सम्बन्धी उठेका सम्भावित समस्यालाई निम्नानुसार प्रश्नगत रूपमा प्रस्तुत गरिएको छ -

१. उपजीव्य ग्रन्थ नेपाली महाभारतमा र चीरहरण उपन्यासमा नारीवादी चिन्तनलाई कसरी उठान गरिएको छ ?

२. दुवै कृतिमा के कति नारी पात्रहरूको प्रयोग गरिएको छ ?

३. चीरहरण कृतिमा वर्तमानमा बसेर विगतका घटनाहरूलाई कसरी नियाल्ने प्रयास गरिएको छ ?

**अनुसन्धानगत उद्देश्य**

यो लेख निम्न उद्देश्यहरूमा केन्द्रित रहेको छ -

१. उपजीव्य ग्रन्थ नेपाली महाभारत र चीरहरण उपन्यासमा नारीवादी चिन्तनलाई केलाउनु ।

२. दुवै कृतिमा प्रयोगीय नारी पात्रहरूको मूल्याङ्कन गर्नु ।

३. चीरहरण कृतिमा वर्तमानमा बसेर विगतका घटनाहरूलाई कसरी नियाल्ने प्रयास गरिएको छ ? भनी अन्वेषण गर्नु ।

**अध्ययन विधि**

प्रस्तुत अनुसन्धान कार्यमा आवश्यकीय तथ्याङ्कहरूको सङ्कलन गर्ने क्रममा प्राथमिक तथा द्वितीयक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । चीरहरण उपन्यासबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषणका क्रममा चीरहरण सम्बन्धी समीक्षा भएका समीक्षात्मक पुस्तक, लेखरचना, पत्रपत्रिका आदिलाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । द्वितीयक सामग्री सङ्कलन गर्ने सन्दर्भमा पुस्तकालय तथा विद्युतीय प्रविधिको प्रयोग (इन्टरनेट, सामाजिक सन्जाल) गरिएको छ । पुस्तकालयको प्रयोगमा अनुसन्धाता आफैं पुस्तकालयमा गई समीक्षा भएका लेख रचना पुस्तक समेतको प्रयोग गरिएको छ । यसरी प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएका सामग्रीहरूलाई व्यवस्थित एवं वैज्ञानिक ढङ्गबाट विभिन्न सामग्रीहरूको सत्यापन, प्रमाणीकरण र व्यवस्थापन, वर्गीकरण गरेर व्याख्या गर्ने क्रममा वर्णनात्मक, विश्लेषणात्मक, व्याख्यानात्मक, विवेचनात्मक आदि विधिहरूको उपयोग गरिएको छ ।

**परिणाम तथा विश्लेषण**

**चीरहरण उपन्यासको संरचना**

नीलम कार्की निहारिकाद्वारा संरचित चीरहरण उपन्यासको संरचनापक्षलाई हेर्दा आन्तरिक तथा बाह्य दुवै पक्षबाट यसलाई हेर्न सकिन्छ । आन्तरिक संरचना अन्तर्गत कथावस्तु, पात्रसंयोजन, संवादपक्ष, परिवेश, द्वन्द्वविधान, वैचारिकपक्ष रूपविन्यास, अभिनयपक्ष शीर्षकीकरण आदि औपन्यासिक तत्वहरू पर्दछन् भने बाह्य संरचनाका दृष्टिमा पाँच सय छब्बिस पृष्ठमा संरचित प्रस्तुत कृतिको मुख पृष्ठमा नारीको कारुणिक स्वरूपको चित्र अनि सर्जकले विभिन्न चिन्हहरूको प्रयोग गरी संरचना गरेको प्रस्तुत कृति कार्यव्यापारका पाँच अवस्था तथा प्रस्तावना भाग आदिले यसको संरचनापक्ष अत्यन्त सघन भएको पाइन्छ ।

**चीरहरण उपन्यासमा प्रयुक्त पात्र**

महाभारतमा प्रयोगीय पात्रहरूलाई अनुकरण गरेको चीरहरण उपन्यासमा सर्जकले पुरुष तथा नारी दुवै किसिमका पात्रहरूको प्रयोग गरेको पाइन्छ । जसमा पुरुषवर्गमा महर्षि पराशर, वेदव्यास, शान्तनु भीष्म पितामह चित्राङ्गद विचित्रवीर्य, धृतराष्ट्र, पाण्डु, विदुर, कृष्ण, युधुष्ठिर, भीमसेन, अर्जुन, नकुल, सहदेव कर्ण, दुर्योधन, दुःशासन, शकुनि, विराटराजा, किचक, आदि पुरुष पात्रहरूको प्रयोग भएको पाइन्छ । उपर्युक्त प्रयोगीय पात्रहरूमा केही पात्रहरूलाई कार्यका आधारमा सहायक, स्वभावका आधारमा केही पात्रहरूलाई अनुकूल तथा केही पात्रलाई प्रतिकूल रूपमा प्रस्तुत गरेको देखिन्छ । जसमा धृतराष्ट्र कर्ण दुर्योधन, दुःशासन, किचक शकुनि आदिलाई खलनायक तथा प्रतिकूल पात्रका रूपमा चित्रण गरेको पाइन्छ भने त्यसै गरी प्रयोगीय नारीपात्रहरूमा सत्यवती, कुन्ति, अम्बा, अम्बालिका, अम्बिका उलुपी, अस्मिता, गान्धारी, द्रौपदी, भानुमती, उर्वशी, चित्राङ्गना, सुभद्रा, उत्तरा, सुदेष्णा आदि नारी पात्रहरूको प्रयोग भएको छ । यसको मुख्य पात्र तथा प्रमुख नारीपात्र द्रौपदी

हो र अन्य नारी पात्रलाई उपन्यासकारले सहायक पात्रका रूपमा चित्रण गरेको पाइन्छ । त्यसै गरी गौण पात्रहरूमा उलुपीको छोरा, चित्राङ्गनाको छोरा, पञ्च पाण्डका छोरा तथा विराट राजाका दरबारमा बसोबास गर्ने दासीहरूलाई उपन्यासकारले यसमा चित्रण गरेको पाइन्छ । यद्यपि प्रस्तुत कृतिमा विभिन्न पात्रहरूको प्रयोग भए तापनि यसको प्रमुख अथवा मुख्यपात्र द्रौपदी नारीपात्र नै हुन् ।

**लेखकको उत्प्रेरणा र प्रभाव**

सर्जकलाई कृति संरचा गर्नप्रति आफ्नै माताको बढी योगदान भएको देखिन्छ । किनभने माताले उनलाई पटक पटक महाभारतको कथा सुनाएको उनलाई लेखन कार्यप्रति मनमा जिज्ञासाको अभिवृद्धि गराएको देखिन्छ । त्यसैले स्वयं लेखकले यस कृतिको अन्त्यमा **आफ्नो भनाई** शीर्षकमा उनी भन्दछिन जस्तै :-

> सोच्न बाध्य भएँ, के त्यो कुरुक्षेत्रको महायुद्ध एक नारीको कारणले नै भएको हो त ? आमाले मौखिक रूपमा राखिदिनुभएको महाभारतका तमाम पात्र भेट्न लागेँ । राज्यसँगै धृतराष्ट्र भेटेँ, दाजुभाइलाई लडाइरहने, सर्वनाश चाहने शकुनि पनि भेटेँ, अन्ततः मैले भेटेका महाभारतका वर्तमान पात्रलाई मन र मस्तिष्कबाट डायरीमा उतार्दै गएँ । भाइ आनन्द रावतले टाइपमा सघाए ।
>
> निश्चित गरेँ, अब म ती पात्रहरूकोकथा लेख्छु, आजकै छद्मभेषी पात्र उतारँन्या हिजोको ? दोसाँधमा थिए, भाष्करजीले भन्नुभयो, 'विगतमा वर्तमान लेख ! मजस्ता पाठकलाई बाङ्गाटिङ्गो होइन सिधा हिँड्न देऊ, सहज होला ।' उहाँकै सल्लाहअनुरूप मैले कृष्णद्वैपायन व्यासकै सिधा मुख्य कथा- मार्गबाट यात्रा प्रारम्भ गरेँ .....कलमले भन्यो, 'लेखक, तिमी द्रौपदीको वस्त्रहरण नगराऊ ! (निहारिका, पृ. ५२५)

प्रस्तुत भनाई स्वयम् उपन्यासकारको हो । त्यसकारण उपर्युक्त अनुच्छेदांशबाट उपन्यास लेखनप्रति उत्प्रेरणा जगाउने काम आफ्नै माता तथा अन्य साथीभाईहरूबाट भएको देखिन्छ ।

**विषयवस्तुको प्रस्तुतीकरण**

चीरहरण द्वापरयुगीन घटनाहरूलाई उपन्यासको विषयवस्तु बनाउँदै महाभारत कथामा केन्द्रित फरक कोणबाट लेखिएको एउटा उत्कृष्ट उपन्यास हो । प्रस्तुत उपन्यासमा महाभारतकालीन पात्रहरूलाई आजको समयमा उपस्थित गराई एउटा सभाको आयोजना गरिएको भनी परिकल्पना गरिएको छ । उपन्यास अनुसार सभाको आयोजना उलूपीद्वारा पाताल लोकमा गरिएको छ । त्यस सभामा मूल वक्ताका रूपमा महाभारतमा प्रयोगीय नारीपात्रहरू रहेका छन् । यसमा अन्य पात्रहरूमा नारीपात्र बाहेक दुशासन, कर्ण दुर्योधन, धृतराष्ट्र युधिष्ठिर लगायतका प्रतिनिधि पात्रहरूले उपन्यासको अन्त्यमा नारी स्वतन्त्रता, नारीले भोग्नु पर्ने प्रतिरोधका बारेमा आफ्ना विचारहरू प्रस्तुत गरेपछि त्यही विन्दुमा उपन्यासको कथावस्तु समापन हुन्छ ।

उपन्यासको कथावस्तुको प्रस्तुतीकरणलाई हेर्दा कथाको प्रारम्भ सत्यवतीबाट हुन्छ । हस्तिनापुर नरेश शान्तनुसँग विवाह गरेकी सत्यवतीको जन्म माछाको पेटबाट भएकाले उनलाई मत्स्यगन्धा भनिन्थ्यो । आफूसँग जन्मेका दाजु मत्स्यराजलाई पिताले छोरा भएकै कारण आफूसँग राखी पछि राज्यको उत्तराधिकारी बनाएको र आफूलाई छोरी भएकै कारण परिवारबाट त्यागेर अर्केलाई पालनपोषणका निम्ति जिम्मा लगाएको पीडाले सत्यवतीलाई आजीवन पिरोलिरहन्छ । भीष्म प्रतिज्ञा पश्चात् शान्तनुकी महारानी बन्न पुगेकी सत्यवतीको कोखबाट चित्राङ्गत र विचित्रवीर्य नामक दुई छोरा हुन्छन् । विचित्रवीर्यको विवाहको लागि चिन्तित भीष्मले आफू आजीवन ब्रह्मचारी रहने प्रतिज्ञामा भएको जान्दाजान्दै काशीनरेशका तीन छोरीहरू अम्बा, अम्बिका र अम्बालिकाको हरण गर्नबाट पछि हट्तैनन् । स्वयम्बर सभाबाटै बाहुबलको भरमा एउटा पुरुषले नारीहरूको हरण गर्न न्यायोचित होइन, त्यसकारण नारी अधिकारको हनन गर्नबाट भीष्म पनि अछुत रहन सकेनन् ।

विचित्रवीर्यको अकालमै मृत्यु भएपछि उत्तराधिकारीको अभावले चिन्तित महारानी सत्यवतीको आग्रहमा अम्बिका र अम्बालिकाले वेदव्यासको सहयोगमा नियोगप्रथाद्वारा धृतराष्ट्र र पाण्डुलाई जन्म दिन्छन् । राजनैतिक उद्देश्यका निम्ति सन्तान प्राप्त गर्न नारीले जोसँग भए पनि सहवास गर्न राजी हुनुपर्ने त्यो बेलाको बाध्यता र सत्ता आरोहणको लागि जुनसुकै पार्टीको बुई चढ्ने यो बेलाको रहरमा तात्विक भिन्नता देखिँदैन । दृष्टिविहीन धृतराष्ट्रसँग विवाह निश्चित भएदेखि पतिव्रता धर्मको नाममा आँखामा पट्टी बाँधेकी गान्धारीको पीडा पनि यसमा कम छैन । दुर्योधन, दुशासन लगायत सय पुत्र र एक छोरीकी आमा भएर पनि आफ्नै पति र पुत्रहरूका कुबुद्धिका कारण अन्त्यमा रित्तो काख बन्न पुगेकी गान्धारीले महाभारतको युद्ध रोक्न अनेकौ पटक प्रयास गर्दा पनि अन्त्यमा पराजित भएकी छिन् । त्यसमाथि आफ्नै भाइ शकुनिले आगोमाथि घिउ थपेको दृश्य नेत्रहीन बनेर चुपचाप सहन विवश छिन् । कुमारी अवस्थामै जन्म दिएकी नवजात शिशुलाई सामाजिक परिवेशको कारण त्याग गर्नुपर्ने कुन्तीको बाध्यतापूर्वक पुत्रत्याग, चीरहरणले उठाएको नारी उत्पीडनको अर्को पाटो जुन अहिलेको समाजमा पनि यी घटनाहरू व्याप्त छन् । पाण्डु पत्र पाण्डवकी पत्नी द्रौपदीको पीडा महाभारतका अन्य नारीहरूको पीडा भन्दा गहिरो छ । किनभने लक्ष्य भेदन पश्चात् अर्जुनसँग साथ लागेर आएकी द्रौपदी नियतिवश पाँच पुरुषमा पहिले नै बाडिन पुग्छिन् । त्यसपछि उनको रोजाइ पुरुष अर्जुन नै हुन्, तर पनि अर्जुनले पटकपटक सौता थपेको देख्दा उनलाई घाउमा नुन छर्किनु जस्तै हुन्छ । राजसभामा आफ्नै मान्यजनहरूका अगाडि देवर दुशासनबाट आफ्नो वस्त्रहरण भएको घटनाले द्रौपदीमाथि रिसको आगो बालिदिन्छ । त्यसपछि द्रौपदीको सुन्दरता नै उनको लागि अभिशाप बन्न पुग्छ र उनी बारम्बार किचक जस्ता यौन पिपाशुको तारो बन्न पुग्दछिन् । त्यसकारण द्रौपदीकै जीवन घटनामा आधारित भएर स्रष्टाले पुस्तकको नामकरण गरेको देखिन्छ । यसपछि महाभारतका अन्य नारी पात्रहरू पनि कुनै न कुनै रूपमा परपुरुषबाट पीडित भएको देखिन्छ । उलूपीको मायालाई लत्याएर अर्जुनले सौता हालेको प्रकरण होस वा दुर्योधनले जबर्जस्ती हरण गरेर भित्र्याएकी भानुमतीको व्यथा होस्, ती सबैमा नारी अस्मितामाथि खेलवाड गरेको पाउन सकिन्छ । उपन्यासकारले कथावस्तुको अन्त्यमा पीडक पुरुषहरूबाट क्षमायाचना गराउँदै त्यसप्रकारका घटनाबाट अहिलेको समाज पनि यस्ता विडम्बनाबाट मुक्त हुन नसकेको अवस्थालाई देखाउँदै आगामी दिनमा लेखिकाले समतामूलक समाजको परिकल्पनाको आशय यसमा अभिव्यक्त गरेको पाइन्छ ।

## विषय विस्तार

### कृतिमा प्रयुक्त नारीवादी चिन्तन

नीलम कार्की निहारिकाले यस उपन्यासमा महाभारतकालीन नारीपात्रहरू लैङ्गिक विभेदका कारण विभिन्न अवस्था अनुसार अपहेलित भएको विषयलाई उठाएको पाइन्छ । उनले त्यस समयका नारीपात्रहरूलाई उपस्थित गराई अहिलेका नारीहरूको संज्ञा अनुसार प्रस्तुत गरेकी छिन् । जसमा मत्स्यगन्धा, योजनागन्धा, सत्यका, सत्यवती पश्चात् महारानी बन्न पुगेकी सत्यवतीको पूर्वरूप मत्स्यगन्धाले आफ्नै परिवारबाट भएको अपहेलनालाई यसरी प्रस्तुत गरेकी छिन् । जस्तै :

> निकटबाट नै देखे । मेरो जस्तै कालो वर्ण रहेछ दाजु मत्स्यको पनि । त्यसबखत कल्पिएँ म पनि पुत्र भई जन्मिएको भए दाजुछेउ त्यसरी नै उभिएको हुन्थेँ । त्यसैले भेषभूषामा, त्यहीँ सम्मानमा । दाजुँसँगसँगै खेल्दै-खाँदै हुर्कन पाउने थिएँ । महत्वपूर्ण कुरा, दाजुको स्नेह अनुभूति गर्न पाउने थिएँ । हामी दुईमा लिङ्गभेद भयो, त्यहीँ पृथकताले न्यायमा फरक हुन गयो चेदीराजाबाट । (निहारिका, पृ. ३१) ।

प्रस्तुत कथन कृतिमा प्रयुक्त पात्र सत्यवतीको हो । सत्यवतीलाई छोरी भएकै कारणले परिवारबाट अपहेलित गराउँदै राज्यबाट निकालिएको हो । त्यसपछि उनको निषेध देशका दासराज र रानीबाट पालनपोषण

हुन्छ । पछि भाइटिका पराशरका मन्त्रबलबाट मत्स्यगन्धाको रूप फेरि सत्यवतीमा परिणत हुन्छिन् । छोरी भएकै कारण परिवारबाट अपहेलित हुन परेको घटनाले उनलाई आजीवन पिरोलीरहन्छ । यसै आधारमा उपन्यासकारले यस उपन्यासमा महाभारतकालीन सत्यवती जस्तै वर्तमान समयमा पनि समाजमा धेरै नारीहरू अथवा छोरीहरू लिङ्ग विभेदका कारण अपहेलित हुनबाट जोगिएका छैनन् । त्यसकारण समाजमा छोरा छोरीहरू लिङ्ग विभेदका कारण पृथक नगरीकन समान रूपमा हेर्नु पर्दछ भन्ने सन्देश यसमा अभिव्यक्त भएको पाइन्छ ।

**चीरहरणमा प्रयुक्त चीरहरण**

चीरहरण उपन्यासको विषयवस्तुको सुरुवात तिलस्मी र नाटकीय परिवेशबाट गरिएको छ । तिलस्मी र नाटकीय परिवेशको दृश्य-वर्णनबाट उपन्यासको सुरुवात हुन्छ । सभामा द्वापरयुगका स्वनामधन्य नारीहरू आफूले विगतमा भोगेको जीवनको समीक्षा गर्न भेला हुने कार्यक्रम तय भएको छ । आयोजनाको जिम्मेवारी निर्वाह गर्दै छिन् उलूपी । आयोजनास्थल पातालमा छ । सभागार सागरभित्र छ । रथ, घोडा र बग्गीमा आगन्तुकहरू गुडेर होइन बगेजसरी आउँदै छन् । सभाका मुख्य आकर्षण महाभारतका मुख्य नारी पात्रहरू सत्यवती, कुन्ती, द्रौपदी, गान्धारी, भानुमती, अम्बिका, अम्बालिकाहरू छन् । उनीहरू सबै सभामा उपस्थित हुँदै छन् । पुरुषहरू पनि आमन्त्रित छन् तर उनीहरू सहभागीका रूपमा निम्त्याइएका छन् । कार्यक्रमका मुख्य सञ्चालिका र अतिथिहरू सबै नारी नै छन् । अनि पात्रहरूले नारीको चीरहरणको विषयलाई जोडदारसाथ उठाएको देखिन्छ । जस्तैः

> अस्मिता र उलूपी संवादका क्रममा उलूपीले त्यहाँ उपस्थित नारीहरूको परिचय अस्मितालाई गराउँछिन् । उलूपी कसैलाई कसैकी पत्नी, कसैलाई माता अनि कसैलाई छोरी भनेर चिनाएको सुनेर अस्मिता भन्छिन् -'यी सब नारीको परिचय त्यही नै हो, कसैकी पत्नी, कसैकी छोरी, कसैकी बहिनी ... ? हिजोका दिनमा नारीहरूले निर्वाह गरेका जिम्मेवारी र भूमिकाका बारेमा नारीहरू स्वयम्ले समीक्षा गर्ने कार्यक्रममा पुरुषहरू श्रोताका रूपमा उपस्थित छन् । उनीहरूलाई नारीहरूका कुरा सुनिसकेपछि मात्र आफ्ना भनाइ राख्न दिने कार्यक्रम तय गरिएको छ । कार्यक्रमको मुख्य आकर्षण छिन् द्रौपदी, जसको चीरहरण भएको थियो हस्तिनापुरको भव्य राजसभामा ।
>
> कार्यक्रमकी सहभागी एक नागकन्या त्यो सभाको आयोजना र द्रौपदीलाई देखेर भन्छिन् - 'त्यस समयमा पनि नारी बलात्कृत भएका थिए । अपहरणमा परेका थिए । प्रेमी र पतिबाट त्यागिएका थिए । चीरहरण यो युगको मात्र रोग होइन, युग-युगदेखिको घाउ हो । ... यो युगमा बलात्कृत भएर आफूलाई गङ्गाको काखमा बिसाउने धेरैलाई भेटेका छौं हामीले । (निहारिका, पृ.३) ।

नारी-सभाको औपचारिक सुरुआत हुन्छ उलूपीको उद्घोषणसँगै । मुख्य नारी पात्रहरू, सत्यवती, अम्बिका, अम्बालिका, कुन्ती, गान्धारी, द्रौपदी, भानुमती क्रमश : सभाका वक्ताका रूपमा देखापर्छन् । सबै वक्ताहरूले सभामा आ-आफ्ना भोगाइ र भावना पोख्छन् । उनीहरूको भोगाइ महाभारतमा वर्णित कथाकै सेरोफेरोमा केन्द्रत छ । उनीहरूले त्यतिबेला भोगेका विवशता, बाध्यता र पीडा एक-एक गरी सुनाउँछन् । कथा प्रस्तुतीकरणको ढाँचा जस्तो अपनाइएको छ त्यसले पाठकलाई क्रमशः तान्दै लैजान्छ ।

सभाको प्रथम  वक्त्री सत्यवती, त्यसपछि वक्त्रीहरू छन् अम्बिका, अम्बालिका, गान्धारी र द्रौपदी । अन्त्यमा केही पुरुष वक्ताहरू मञ्चमा देखापर्छन् । उनीहरू नारीहरूका भोगाइ सुनिसकेपछि आ-आफ्ना स्वीकारोक्ति राख्न मञ्चमा आउँछन् । अन्त्यमा छोटो भनाइ राख्छन् र उनीहरू बिदा हुन्छन् मञ्चबाट । सबैका कुरा सुनेर कृष्ण र वेदव्यास मुस्कुराउँछन् । सभाको समाप्तिसँगै उपन्यासको कथावस्तु पनि समाप्त हुन्छ ।

**नारी अस्मिताको खोजी**

उपन्यासको सम्पूर्ण विषयवस्तु नारी अस्मिताको खोजीमा केन्द्रित छ । सत्यवती तत्कालीन परिवेशको बाध्यतामा आफूलाई चलाउन विवश थिइन् । तर के आजका नारी त्यसबाट उन्मुक्त छन् ? अम्बा, अम्बिका र अम्बालिका अपहृत भएर पत्नी बन्न विवश थिए तर के आजका नारीहरू कसैको दम्भमा अपहृत भइरहेका छैनन् ? गान्धारी आफ्नो दायित्व र कर्तव्यको घेरामा बाँधिएर दृष्टि हुँदाहुँदै पनि दृष्टिविहिनझैं बन्न विवश भइन् । के आजका नारी आफूले देखेका कुरामा रमाउन सकेका छन् ? अनजानवश कुन्तीले दिएको आदेश मान्न विवश बनेर द्रौपदी पाँच पाण्डवकी पत्नी बन्न पुगेकी थिइन् । के आजका नारी द्रौपदीको जस्तो विवशता भोग्न बाध्य छैनन् ? कुन्तीले कुमारी अवस्थामै पुरुष संसर्गबाट जन्माएको शिशु लोकलाज र परम्पराको नाममा मुटुमा ढुङ्गा राखेर गंगामा विसर्जन गर्न विवश भइन् । के आजका नारीहरू इच्छामाफिक सन्तान जन्माएर तिनलाई निर्बाध माया र ममता दिन समर्थ छन् ? पुत्रमोहमा परेर समस्त देशवासी र मित्रजनमा युद्धको अग्निज्वाला फैलाउन उधत धृतराष्ट्रहरू अहिलेको कुशासनमा जताततै पाइँदैनन् ? के शकुनिहरू र दुर्योधनहरू यस युगमा छैनन् ? यदि यी सबै कुरा अहिले पनि कायमै छन् भने हामी त्यस युगको युगीन विवशताबाट अहिले पनि मुक्त हुन सकेका छैनौं । यही सन्देश दिने उद्देश्यले उपन्यासकारले विश्वप्रसिद्ध महाकाव्य महाभारतको कथालाई माध्यम बनाउन खोजेको देखिन्छ । महाभारतका पात्रहरू आजको समाजमा पनि सर्वत्र छन्, त्यो परिवेश, बाध्यता र गतिविधि यद्यपि छँदै छ । नारी अस्मिताको दृष्टिबाट झन-झन विकराल छ आजको 'महाभारत' ।

**चीरहरणमा रहस्यात्मकता**

प्रस्तुत उपन्यासमा स्रष्टाले वर्णित कतिपय प्रसङ्गहरूलाई रहस्यात्मक तथा जादूगिरी तरिकाबाट अभिव्यक्त गरेको पाइन्छ । जस्तैः सत्यवतीलाई महर्षि पराशरले मन्त्रबलका माध्यमले मत्स्यगन्धाबाट योजनगन्धा बनाउनु, मत्स्यगन्धाबाट व्यास जन्मिनेसाथ कमण्डलुधारण गरेर गुरुका अगाडि पढ्न लागेको देख्नु, कुन्तीबाट कर्णको जन्म स्वयम्बरको ठीक अघिल्लो दिन हुनु, तर स्वयम्बरमा जस्ताकोतस्तै स्वाभाविक भएर प्रकट हुनु, अम्बिका र अम्बालिकाको गर्भधारणको प्रसङ्गलाई आधुनिक चिकित्साविज्ञान र सामाजिक यथार्थसँग जोड्ने प्रयास नगर्नु, धृतराष्ट्रले सन्तान प्रलोभनमा सन्तानोत्पति नहुँदा गान्धारीको पेटमा मुड्कीले प्रहार गर्दा गर्भ फुटेर सय छोरा जन्मिनु आदि घटनाहरू यसमा रहस्यात्मक किसिमले वर्णित भएका छन् । जसले यस उपन्यासको कौतुहलता पक्षलाई निक्कै रोचक बनाएको छ ।

**पीडक पात्रहरूको आत्मालोचना**

प्रस्तुत उपन्यासको उपसंहार भागमा उपन्यासकारले सभामा सम्पूर्ण नारीपात्रहरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरिसकेपछि पीडकपात्रहरूले आत्मालोचना गरेको देखिन्छ । जस्तै :

> नारीको रक्षा नै धर्म हो भन्ने भ्रमपूर्ण व्याख्याको अन्त होस् । जबसम्म पुरुषलाई नारीको रक्षा-कवच सम्झिइन्छ तबसम्म नारीहरू कमजोर नै रहीरहन्छन्, अन्यायमा आफूलाई शक्तिहीन सम्झिएर अरुकै मार्ग ताकीरहन्छन् तमाम द्रौपदीहरू । यसर्थ म भन्छु सर्वप्रथम स्व-रक्षा धर्म हो भनी पुनव्याख्या होस् । नारी सम्मानित हुँदा देव खुसी हुन्छन् भन्नु आफैमा विरोधाभास देख्छु । यो भिन्न्ता किन ? यस्ता असमानताले दुर्घटना निम्त्याइरहन्छ । जीवजन्तु समेत सृष्टिले दिएको आफ्नो शक्ति पहिचान गरी आफ्नो रक्षा स्वयम् आफै गर्ने गर्छन् । शत्रुको आक्रमण या अप्ठेराहरूमा कसैको मार्ग ताक्दैनन् । किन जीवजन्तुभन्दा पराश्रित नारीहरू । (निहारिका, पृ. ५१८-५१९) ।

प्रस्तुत कथन यस उपन्यासका पात्र कर्णको हो । कर्णका माध्यमले यहाँ नारी स्वतन्त्रताको पृथक् व्याख्या गरिएको छ । नारीलाई संरक्षण गर्नु पर्छ भन्ने विचार पनि नारीवादको विरुद्ध रहेको तर्क यहाँ लेखकले प्रस्तुत गर्न खोजिकी छन् । नारीको रक्षा गर्नु धर्म हो भन्नु, नारीलाई अझै कमजोर पार्दै लानु हो भन्ने धारणा लेखकले प्रस्तुत गर्न खोजेकी छन् । चीरहरण उपन्यासले पुरुष प्रधान समाजका यस्ता मान्यताहरूको विरुद्ध प्रतिकार गर्नु पर्ने विचार प्रस्तुत गरेको देखिन्छ । नारीहरू आत्मनिर्भर बन्न सकेमात्र समाजमा माथि उठ्न सक्ने नत्र पुरुषकै संरक्षकत्वको अभाव खड्किरहने हुँदा नारीहरूले यस्ता विचारका विरुद्ध उठ्नुपर्छ भन्ने धारणा यस उपन्यासमा प्रस्तुत भएको पाइन्छ ।

अधिकांश पुरुष पात्रहरू कुनै न कुनै रूपमा पीडक भएर प्रस्तुत भएका छन् - कहिले पिताको रूपमा, कहिले पतिको रूपमा, कहिले पुत्रको रूपमा, कहिले देवरको रूपमा अनि कहिले दाजुभाइको रूपमा, यस अर्थमा चीरहरण नारी उत्पीडनको महाभारती हो यसै विषयलाई उपन्यासकारले यसमा उजागर गरेको पाइन्छ ।

**चीरहरण उपन्यासको शिल्प**

शैलीगत र वर्णन प्रक्रियामा सानातिना कमजोरी पनि उपन्यासमा यत्रतत्र पाइन्छन् । अध्याय दुई अम्बा, अम्बिका र अम्बालिकाको स्वयम्बरको प्रसङ्गबाट विषयवस्तुको सुरु हुन्छ । अम्बिका मुख्य वक्ता छिन् तर त्यो अनुमान महाभारत पहिले पढिसकेका पाठकले मात्र गर्न सक्छन् । नयाँ पाठकले त्यो प्रसङ्ग बुझ्न निकै समय बिताउनुपर्छ ।

गान्धारीको चरित्रलाई अति नै देवत्वकरण गरिएको छ । उनीभित्रका नारीजन्य कामहरू उपन्यासमा ओझेल पर्न गएका छन् । पुत्रमोह त गान्धारीमा पनि थियो । त्यसलाई उपन्यासले पछ्याउन सकेको छैन । कतिपय सन्दर्भमा भने अनावश्यक भावनामा बहकिएको वर्णनले उपन्यास पढ्दा झन्झट बनेको पनि देखिन्छ ।

उपन्यासमा कतिपय घटना र परिवेश वर्णनमाकालको राम्ररी ख्याल गर्न नसकेको हो कि झैँ लाग्छ । भूतकालमा कथा-वर्णन अगाडि बढिरहेका बेला अकस्मात् वर्तमान कालमा आइदिनाले पढ्दै जाँदा गति अवरुद्ध हुन्छ । साथै अनुच्छेदको समाप्त भई सकेपछि पूर्वापरको विषयवस्तुको तालमेल नमिलाईकन नयाँ विषयको सुरुवात हुँदा पाठकलाई विषयवस्तु बुझ्न निक्कै गाह्रो पर्ने देखिन्छ । कतिपय शब्दहरू, जस्तै गर्थिनँ, हुन्थिनँ, सकिनँ आदिको प्रयोग निकै ठाउँ गरिएको छ । त्यसमा गर्दिनथेँ/गर्दैनथेँ, हुँदैनथेँ/हुँदिनथे आदि प्रयोग गर्दा स्वभाविक हुन्थ्यो कि भन्ने लागिरहन्छ ।

सत्यवतीको चरित्रचित्रणमा जुन स्वभाविकता झल्कन्छ, अम्बा र अम्बिकाको भोगाइको वर्णनमा जुन स्वभाविकता छ उपन्यास क्रमशः अघि बढेर गान्धारी र द्रौपदीको भोगाइमा पुग्दा त्यही गरिमा र शालीनता कायम रहँदैन । गान्धारी र द्रौपदीलाई लेखिकाले अलि बढी नै हस्तक्षेप गरेकी हुन् कि भन्ने लागिरहन्छ । लेखिकाले स्रष्टाले गान्धारीका चरित्रलाई अलि बढी नै देवत्वकरण गरेर नारी आदर्शको पाटो देखाउन खोजेकी छिन् । त्यसैगरी द्रौपदीको अनुभव वर्णन गर्दा समसामयिक पुरुषप्रधान समाज र पुरुष-सत्ताप्रतिको तिक्तता पोख्न हतारिएझैँ लाग्छ । बारम्बार आफ्ना पतिलाई युद्धका लागि उक्साउन उधत द्रौपदीको चित्रणबाट पुरुषको झ्याँको झार्न लेखिका अघि सर्न खोजेको देखिन्छ । परिवेशलाई बाध्यकारी देखाउनुभन्दा द्रौपदीको अहंकार र पुरुषवादी सोचको आलोचनामा बढी शब्द खर्चिंदा नारी अस्मिताको नाउँमा पुरुषप्रतिको तिक्तता बढी पोखिए झैँ अनुभव हुन्छ । द्रौपदीको पुरुषप्रतिको घृणाभाव र बारम्बारको युद्धघोषको आकांक्षाले उपन्यासको गरिमा पक्ष केही मात्रामा घटेको देखिन्छ ।

अन्त्यमा पुरुषहरूको स्वीकारोक्ति भने युगीन सन्दर्भमा जोड्न प्रयोग गरिएको छ । समग्रमा विभिन्न सन्दर्भले उपन्यासलाई प्रयोजनमूलक रूप प्रदान गरेको छ । साथै प्रस्तुतिको कौशल पक्षलाई पनि अभिव्यक्त गरेको छ ।

करिब पाँचसय पृष्ठको करिब डेढलाख शब्दमा अभिव्यक्ति उपन्यास लेख्ता सामान्य त्रुटी-कमजोरीहरू स्वाभाविक हुन् । महाभारतको परिवेशमा आजको नारी मनोविज्ञानका आँखामा राखेर पर्गेल्नु र युगीन सन्दर्भ दिनु, मोटो कथालाई कल्पनाका माध्यमले परिवेश र भावना गाँस्दै अघि बढाएर लगातार पाठकलाई तानिरहन सक्नु, उपन्यासकारको लेखनीय ठूलो शक्ति हो । कथालाई जिज्ञासा र कुतूहलताका साथ अघि बढाउँदै अन्त्यसम्म पाठकको जिज्ञासालाई कायम राख्नमा उपन्यासकार सफल भएकी छिन् ।

## महाभारत र चीरहरणमा प्रयुक्त अन्तर्वस्तुको तुलना

उपन्यासकार निलम कार्की निहारिकाले औपन्यासिक सिद्धान्त अनुसार कथावस्तुलाई आत्मसाथ गरेर केही मौलिकपना थोपर्दै चीरहरण (२०७२) उपन्यासको संरचना गरेकी छन् । उनले महाभारतमा प्रयोगीय नारीपात्रहरूले भोगेको कारुणिक जीवनलाई मुख्य कथानकलाई उपजीव्य बनाउँदै नारीवादी समालोचनाका आधारमा यसको संरचना गरेको पाइन्छ । उपन्यासको कथावस्तुको प्रयोगमा कार्कीले केही नयाँपन थोपर्दै केही मात्रामा आफ्नो मौलिकपना प्रयोग गरेको पाइन्छ । यसकै आधारमा उपजीव्य ग्रन्थ र प्रस्तुत कृतिको तुलना यसप्रकार गरिएको छ -

| महाभारत ग्रन्थ | चीरहरण |
|---|---|
| वृहदाकारमा संरचित | लघुआकारमा संरचित |
| विषयवस्तुलाई विभिन्न पर्वमा वर्गीकरण एवं शास्त्रीय लयगत रूपमा वर्णित | विषयवस्तुलाई विभिन्न अध्याय तथा खण्डमा वर्गीकरण एवं मुक्तलयमा वर्णित |
| पात्रको संयोजनमा नारीभन्दा पुरुष पात्रको बढी प्रयोग | पात्रको संयोजनमा पुरुष भन्दा नारीपात्रको बढी प्रयोग |
| यसमा व्यापक विषयवस्तुको चित्रण एवं अभिव्यक्ति | सत्यवती, कुन्ती, द्रौपदीका जीवनमा घटेका घटनाहरूको मात्र अभिव्यक्ति |
| नारी अस्तित्वलाई केही मात्रामा अन्वेषण | नारी अस्मितालाई पूर्ण रूपमा अन्वेषण |
| ऐतिहासिक घटनालाई अभिधात्मक रूपमा अभिव्यक्ति | ऐतिहासिक घटनालाई लाक्षणिक रूपमा अभिव्यक्ति |
| नारीहरूलाई असक्षम रूपमा चित्रण | नारीहरूलाई सक्षम रूपमा चित्रण |
| महाभारत युद्धको साङ्गोपाङ्गो वर्णन | युद्ध घोषको आकाङ्क्षको वर्णन |
| उद्देश्य पक्षमा परोपकारको अभिव्यक्ति | उद्देश्य पक्षमा नारी अस्मिताको खोजी |
| संवादपक्षमा सामान्य भाषाको प्रयोग | संवाद पक्षमा राजकीय भाषाको प्रयोग |
| अन्त्यमा महायुद्ध पश्चात स्वार्गादितर्फ सबै पात्रहरूको गमन | अन्त्यमा पीडक पात्रहरूको आत्मालोचनाको अभिव्यक्ति |
| द्रौपदीको चीरहरणलाई महायुद्ध हुनुको मूल कारणको अभिव्यक्ति | द्रौपदीको चीरहरण र कुन्तीको पुत्रत्यागलाई वर्तमानकालीन घटनासँग तुलनात्मक रूपमा अभिव्यक्ति |
| महायुद्ध हुनुको मूलकारण युधिष्ठिरले आफूलाई स्वीकार गरेको | महायुद्धको उत्घोषको आकांक्षा द्रौपदीको चीरहरणलाई बनाइएको |
| विभिन्न चित्रहरू सहित विषयवस्तुको अभिव्यक्ति | चित्रहरूको अभाव |

**निष्कर्ष**

महाभारत कथामा केन्द्रित फरक कोढबाट लेखिएको चीरहरण उपन्यासमा स्रष्टाले द्वापरयुगीन समाज र वर्तमान युगीन समाजलाई एकीकृत ढङ्गबाट हेर्ने प्रयास गरिएको छ । विशेषगरी महाभारतकालीन नारीपात्रहरूले भोग्नु परेको सामाजिक विवशता, हिंसा, दमन, यौनशोषण, नारकीय जीवन आदिलाई उपन्यासकारले वर्तमान समयमा हामीले भोगीरहेको समाजलाई प्रतिविम्बित गरेको देखिन्छ । सत्यवती, कुन्ती, गान्धारी, अम्बिका, अम्बालिका, द्रौपदी, भानुमती, उलूपी, सुभद्रा आदि नारीपात्रहरूले भोग्नु परेको कारुणिक जीवन, धृतराष्ट्र, दूर्योधन, शकुनि आदिको हिंसासन मोह, शकुनिको षड्यन्त्र र महायुद्ध, कुन्तीको पुत्रत्याग, प्रलोभनमा परी महर्षि पराशरबाट मत्यस्यगन्धाको यौन शोषण जस्ता घटनाहरू द्वापरयुगमा घटेका थिए भने ती घटनाहरू कलियुगको वर्तमान समयमा पनि विद्यमान छन् । गर्भधारणबाट व्यासको जन्म, द्रौपदीको चीरहरण, यौनपिपाशु किचकको नारीबलात्कारिताको हरप्रयास आदि घटनाहरू द्वापरयुगमा घटेका थिए भने ती घटनहरूबाट अहिलेको समाज पनि मुक्त नभएको देखिन्छ । हुनतः महाभारतकै कथावस्तुलाई उपजीव्य बनाउँदै राजेश्वर देवकोटाको द्वन्द्वको अवसान, विनोदप्रसाद धितालको योजना गन्धा, मदनमणि दीक्षितको माधवी, कुमार भट्टराईको अश्वत्थामा राजेन्द्र थापाको द्रौपदी आदि कृतिहरू देखा परेकाछन् तर पनि छनौट र प्रस्तुतिका दृष्टिले अन्य कृतिहरू भन्दा यो कृति धेरै फरक रूपमा प्रस्तुत भएको छ । किन भने लेखिकाले यसमा द्वापरयुगीन पात्रहरूलाई कलियुगमा विचरण गराएकी छिन् र पात्रहरूको आत्मकथाको माध्यमद्वारा दुई युग वीचको समानता दर्शाएकी छिन् । आफ्नो उपन्यास लेख्नुको उद्देश्यलाई स्पष्ट पार्दै उनले भनेकी छन् जस्तैः 'गद्दीमोह भएका धृतराष्ट्र आज पनि छन् भाइ भाइ लडाउने शकुनि आज पनि छन् । दिनहुँ नारी अस्मिताको चीरहरण भको घटना अखवारमा छापिन्छन् । जन्मदै परित्याग गरिएका कर्ण जस्ता नवजात शिशुको कथा पनि वर्तमानमा कम छैन' । यसरी हेर्दा द्वापर युगीन पात्रहरू कलियुगमा जीवित भएर आएका छन् र उपन्यास प्रयुक्त पात्रहरूको आत्मकथनको शैलीले धेरै पाठक वर्गका निम्ति धेरै रोचक बनेर देखापरेको छ भनी निष्कर्ष निकालिएको छ ।

**सन्दर्भ सूची**


आचार्य, कृष्णप्रसाद (२०६४), *पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना,* काठमाडौं : क्षितिज प्रकाशन ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* काठमाडौं : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना अनेक रूप अनेक पठन,* (प्र. सं.), पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* पाँचौ संस्करण, पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा र पन्थी, सीता (२०६०) *नेपाली नारीवादी समालोचना,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

निहारिका, निलम कार्की (२०७३), *चीरहरण* (दोस्रो संस्करण), काठमाडौं : साङ्ग्रिला पुस्तक ।

प्रधान, कृष्णचन्द्र सिंह (२०४६), *साझा समालोचना,* (ते सं.), काठमाडौं : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* लतितपुर : साझा प्रकाशन ।

---. (२०६९), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

---. (२०६६), *साहित्य-प्रकाशन* सातौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* (दो. सं.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर (२०५०), *नेपाली उपन्यासका आधारहरू,* (दो. सं.), काठमाडौं : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद (२०५०), *मनोविश्लेषणात्मक समालोचना* (उपन्यास खण्ड) दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य सिद्धान्त,* दो. संस्करण, ललितपुरः साझा प्रकाशन ।

श्री भट्टनारायण (सन् १९९९) *वेणीसंहार नाटकम्* (षष्ठ संस्करण), वारणसीः चौखम्बा सुरभारती प्रकाशन ।

श्री भारती (सन् २०००) *किरातार्जुनीयम्,* (तेस्रो संस्करण), वारणसी : चौखम्बा सुरभारती प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* (दोस्रो संस्करण, ललितपुर, साझा प्रकाशन ।

सुब्बा, होमनाथ केदारनाथ, (सन् २०१६) *नेपाली महाभारत,* (३४औं संस्करण) वाराणसीः हितैषी कम्पनी ।